**संयुक्त राष्ट्रसङ्घीय**
**मानवअधिकार उच्चायुक्तको**
**कार्यालय, नेपाल**

United Nations Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

**प्रेस विज्ञप्ति - २०६५ मङ्सिर २५**

---

## उच्चायुक्तको कार्यालय-नेपाल र राष्ट्रिय मानवअधिकार आयोगद्वारा मानवअधिकार दिवसको स्मरणमा पोस्टर विमोचन

उच्चायुक्तको कार्यालय-नेपाल र राष्ट्रिय मानवअधिकार आयोग (आयोग)ले मानवअधिकारको विश्वव्यापी घोषणापत्र (घोषणापत्र)को ६० औं वार्षिकोत्सवको स्मरणमा आज घोषणापत्रको सचित्र पाठ विमोचन गरे। प्रधानमन्त्री प्रचण्ड, आयोगका अध्यक्ष केदारनाथ उपाध्याय तथा उच्चायुक्तको कार्यालय-नेपालका प्रमुख रिचर्ड बेनेटले मन्तव्य व्यक्त गर्नुभएको आयोगको मुख्यालयमा आयोजित कार्यक्रममा सो पोस्टर अनावरण गरियो।*

"घोषणापत्रबारे जनचेतना अभिवृद्धि गर्न आज र केही दिनयता नेपालभरि चलचित्र महोत्सव, साङ्गीतिक कार्यक्रम, घोषणापत्रको गीत, दण्डहीनताविरुद्ध म्याराथन तथा यो नयाँ पोस्टरको विमोचनलगायतका कार्यक्रमहरू भएका छन्। घोषणापत्रका सिद्धान्तलाई यथार्थतामा परिणत गर्न कर्तव्यवाहकहरू जतिसुकै इच्छुक भए पनि यो कुरा हुनका लागि मानिसहरूले आफ्ना अधिकार जान्नु र तिनको माग गर्नु अत्यावश्यक हुन्छ भनी अनुभवले हामीलाई देखाएको छ," बेनेटले भन्नुभयो।

डिसेम्बर १० मा मानवअधिकार दिवसको स्मरण गर्न उच्चायुक्तको कार्यालय-नेपाल र यसका साझेदारहरूद्वारा देहायका गतिविधिहरू आयोजना गरिएका थिए: काठमाडौंमा नेपालमा कारागारको अवस्थासम्बन्धी तस्बिर प्रदर्शनी, धनगढीमा *आफ्ना अधिकारहरूबारे थाहा पाउनुहोस्* विषयक अभियानको प्रारम्भ, पूर्वाञ्चल क्षेत्रमा मानवअधिकारसम्बन्धी म्याराथन, पोखरामा दण्डहीनता अन्त्यसम्बन्धी एउटा सडक नाटक, नेपालगन्जमा *सङ्क्रमणकालीन न्याय/दण्डहीनता* विषयवस्तुमा आधारित चित्रकला प्रदर्शनी तथा बारा जिल्लाको कलैयामा यूडीएचआर ६० स्मरणोत्सव कार्यक्रम।

** सो पोस्टरको कम रेजोल्युसनयुक्त प्रति र मङ्सिर २४ र २५ गतेका कार्यक्रमका तस्बिरहरू संलग्न गरिएको छ। उच्च रेजोल्युसनयुक्त प्रतिहरू चाहिएमा चुन गुरुङ (४२८०१६४- एक्सटेन्सन ३२०) वा समीरा शाक्य (४२८०१६४- एक्सटेन्सन ३१७) लाई सम्पर्क गर्नुहोला। पोस्टरका प्रतिहरू वितरणका लागि उच्चायुक्तको कार्यालय-नेपाल र राष्ट्रिय मानवअधिकार आयोगका सबै कार्यालयहरूमा पनि उपलब्ध छन्।*

**For further information contact Marty Logan at OHCHR-Nepal:**
Tel.: 428 0164 (Ext.321); Mobile 98510.16922 or mlogan@ohchr.org



60 UNIVERSAL DECLARATION OF HUMAN RIGHTS